**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 16.06.2024**

## CM Meets-CEM of BTR

आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई मिन्तोग्याङमा बोडोल्याण्ड क्षेत्रीय परिषदका प्रमुख कार्यकारी सदस्य श्री प्रमोद बोडोले शिष्टचार भेट गर्नुभयो। यसको जानकारी श्री तामाङले आफ्नो सामाजिक सञ्जाल पोस्टमा दिनुभएको छ। भेटको क्रममा श्री बोडोले सफलतापूर्वक सरकार गठन गरेकोमा मुख्यमन्त्रीलाई बधाई तथा शुभकामना दिनुभयो। मुख्यमन्त्री श्री तामाङले श्री बोडोको प्रोत्साहनदायी शब्दहरूप्रति आफू आभारी रहेको अनि उहाँको साथ र समर्थन अबको मार्गमा हिँडन आफ्ना लागि महत्त्वपूर्ण साबित हुने बताउनुभयो।

## New Three criminal laws

सरकारले आज कोलकातामा **'आपराधिक न्यायिक प्रणाली प्रशासनमा भारतको प्रगतिशील पथ'** शीर्षकमाथि सम्मेलन आयोजना गर्‍यो। केन्द्रीय कानुन तथा न्याय मन्त्री श्री अर्जुन राम मेघवालले सम्मेलनको उद्घाटन गर्नुभयो। उहाँले जनतालाई चाँडै न्याय दिन तीनवटा नयाँ अपराधिक कानुन बनाएको बताउनुभयो। उहाँले भन्नुभयो, देशको परिस्थिति र समयअनुसार कानुन परिमार्जन गर्नुपर्ने हुन्छ। देशका धेरै वर्गबाट बेलायती जमानाका यी कानुनमा परिवर्तन गर्नुपर्ने माग रहेको थियो। यही मागलाई स्वीकार गर्दै यी कानुनमा संशोधन गरिएको हो। यी तीन कानुन **भारतीय न्याय संहिता २०२३, भारतीय नागरिक सुरक्षा संहिता २०२३** र **भारतीय साक्ष्य अधिनियम २०२३** जुलाई 1 देखि लागू हुनेछन्। यसबाट जनताले समयमै छिटो र त्रुटिरहित न्याय पाउनेछन्। श्री मेघवालले केन्द्र सरकारले कसैसँग परामर्श नगरी हतारमा यी तीन नयाँ अपराधिक कानुन बनाएको भनेर केही पक्षले लगाएको आरोप अस्वीकार गर्नुभयो। उहाँले भन्नुभयो, देशका सबै राज्य, केन्द्र शासित प्रदेशहरू, कानुन प्रवर्तन एजेन्सीहरू र यससँग सम्बन्धित सबै मानिससँग परामर्श गरिएको थियो। 18 राज्य, 6 केन्द्र शासित प्रदेशका प्रतिनिधि, भारतका प्रधानन्यायाधीश, देशका 16 उच्च अदालतका मुख्य न्यायाधीश, 5 कानून कलेज, 22 विश्वविद्यालय, 142 सांसद, 270 विधानसभाका सदस्य र आम जनताले यी नयाँ कानुनहरूबारे चार वर्षसम्म छलफल गरेका थिए। राष्ट्रपतिले गत वर्ष डिसेम्बरमा यी कानुनहरू अनुमोदन गर्नुभएको थियो।

## Monsoon Update

अविरल वर्षा र पहिरोका कारण मङ्गन जिल्लाको लाचुङ र चुङ्थाङमा अलपत्र परेका 12 सयभन्दा बढी स्वदेशी र 15 विदेशी पर्यटकलाई निकाल्ने आज प्रयास भएको छ। मङ्गनका जिल्लापाल श्री हेम कुमार क्षेत्रीले आकाशवाणीलाई जानकारी दिनुभए अनुसार, खराब मौसमका कारण अलपत्र परेका पर्यटकहरूलाई एयरलिफ्ट गर्न सम्भव छैन र धेरै ठाउँमा सडक सम्पर्क पनि अवरुद्ध छ। तर, सबै पर्यटक आ-आफ्नो होटलमा सुरक्षित रहेका छन्। श्री क्षेत्रीले मौसमले अलि साथ दिएपछि पर्यटकको सुरक्षित फिर्ता हुने विश्वास दिलाउनुभयो। उहाँले भन्नुभयो, सिक्किममा अविरल वर्षा र पहिरोले नौ जनाको ज्यान लिएको र पछिल्लो चार दिनमा सिक्किमले दुईवटा प्राकृतिक प्रकोपको सामना गरेको छ। श्री क्षेत्रीको निर्देशनमा SDM श्री प्रकाश राईको टोलीले लोअर झुसिङ र रलक वार्ड अन्तर्गत प्रभावित क्षेत्रहरूको भ्रमण गर्‍यो। क्षतिको मूल्याङ्कनका क्रममा क्वालेडाँडादेखि सिबु खोल्सासम्मको पूरै खण्ड जोखिमपूर्ण अवस्थामा रहेको पाएको छ। 10 परिवारलाई जिल्ला पञ्चायतको निवास र एक स्थानीयको निवासमा अस्थायी रूपमा राखिएको छ। भ्रमणमा टोलीमा जङ्गुका क्षेत्रीय विधायक श्री पिन्सो नामग्याल लेप्चा पनि हुनुहुन्थ्यो।

## Sikkim Olympic

सिक्किम अलम्पिक संघले आगामी 23 जूनमा अन्तर्राष्ट्रिय अलम्पिक दिवस मनाउने सम्बन्धमा छलफल गर्न गान्तोकमा सबै सम्बद्ध खेल सङ्गनहरूसँग बैठक गर्‍यो। बैठकमा विभिन्न विषयमा छलफल गरी 23 जूनमा अन्तर्राष्ट्रिय अलम्पिक दिवस राज्यमा भव्यताका साथ मनाउने, मानव सेवाको रूपमा उक्त दिन रक्तदान शिविर आयोजना गर्ने, खेलकुद गतिविधि सञ्चालन गर्ने र नागाल्याण्डमा आयोजित खेलकुदका तेस्रो उत्तर पूर्वका पदक विजेताहरूलाई सम्मान गर्नेलगायतका कार्यक्रम गरिने निर्णय भयो। अलम्पिक दिवस र अलम्पिक आन्दोलनको सन्देश फैलाउन खेलकुद तथा युवा मामिला विभागसँग सहकार्य गर्ने निर्णय पनि भएको छ। बैठकको क्रममा सिक्किम अलम्पिक सङ्गठनका अध्यक्ष श्री कुबेर भण्डारीले दिवसको महत्त्वबारे बताउनभयो। अलम्पिक दिवस 2024 को विषय "अघि बढौँ र मनाऔँ" रहेको छ। बैठक अवधि सिक्किम फुटबल संघको वार्षिक प्रतिवेदन पनि जारी गरियो।